धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प. सं.:-२०८२।०८३
चं. नं. :-

शिक्षकको प्रतिक्षा सूचीमा रहेका उम्मेदवारलाई विद्यालयमा सिफारिसका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !

(प्रकाशित मिति २०८३।०८।०१ गते मंगलबार)

प्रस्तुत विषयमा यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको रिक्त शिक्षक पदमा पदपूर्ति गर्नका लागि यस कार्यालयको पदपूर्ति समितिको मिति २०८२।१२।१५ गतेको निर्णयानुसार प्रकाशित शिक्षकको पदपूर्ति तथा प्रतिक्षा सूची तयारी परीक्षाको विज्ञापन नं. २३।२०८२-०८३, प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदको लागि प्राथमिक तह, तृतीय श्रेणीको यस कार्यालयको मिति २०८३।०२।२७ गतेको अन्तर्वार्ता समेतको नतिजानुसार प्रतिक्षा सूचीमा रहेका र मिति २०८३।०५।१७ गतेको निर्णयानुसार प्रकाशित शिक्षकको पदपूर्ति तथा प्रतिक्षा सूची तयारी परीक्षाको विज्ञापन नं. ०३।२०८३-०८४, माध्यमिक तह तृतीय श्रेणीको नेपाली विषय तथा विज्ञापन नं. ०४।२०८३-०८४, माध्यमिक तह तृतीय श्रेणीको अँग्रेजी विषयको यस कार्यालयको मिति २०८३।०६।२६ गतेको अन्तर्वार्ता समेतको नतिजानुसार प्रतिक्षा सूचीमा रहेका उम्मेद्वारहरुबाट रिक्त रहेका सामुदायिक विद्यालयमा योग्यताक्रमका आधारमा सिफारिस गर्न प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुबाट मिति २०८३।०८।०१ गतेदेखि मिति २०८३।०८।०७ गते कार्यालय समयभित्र लिखित निवेदन पेश गर्नुहुन सम्बन्धित प्रतिक्षा सूचीमा रहेका सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८३।८।१

घुम्मन सिं बडायक
शाखा अधिकृत

बोधार्थ तथा अवगतार्थ :

श्रीमान् नगर प्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध ।

श्रीमान् नगर उपप्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध ।

श्री सञ्चार तथा सूचना प्रविधि शाखा : सूचना वेबसाइट तथा फेसबुक पेजमा अपलोड गरी सार्वजनिक गरिदिनु हुन ।